तापु

# श्री बनौतीपाखा सामुदायिक वन उपभोक्ता समुह
## शहिदलखन गा.पा.-३ गोरखा

प.सं. :-

च.नं. :-

मिति : २०८३/०५/१९

### शिलबन्दी बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना ।
(सौर्य राष्ट्रिय दैनिक, प्रथम पटक प्रकाशित मिति २०८३/०५/१८)

श्री बनौती पाखा सामुदायिक वन उपभोक्ता समुह शहिद लखन गा.पा-३ ले आ.व. २०८२/०८३ मा डिभिजन वन कार्यालय गोरखाको संकलन सहमति बमोजिम संकलन गरेको खयर प्रजातीको २१५.२० क्यू.फिट गोलिया काठ (स्यापउड सहित) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संचालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र श्री डिभिजन वन कार्यालय गोरखा र यस समुहबाट बोलपत्र फाराम खरिद गरी २२ औं दिन दिनको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना डिभिजन वन कार्यलयको वेवसाइट www.dfogorkha.gov.np बाट डाउनलोड गरि हेर्न सकिनेछ । विस्तृत विवरणका लागि समुहको कार्यलयमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ ।

१.लिलाम हुने काठ को विवरण

| प्रजाती | ग्रेड | थान | स्यापउड सहितको परिमाण (क्यू.फिट.) | न्युनतम् मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|
| खयर | A | १३६ | २१५.२० | २१५२००/- | संकलन खर्च प्रति क्यु. फिट रु. २७८/- |
| कुल जम्मा | | १३६ | २१५.२० | २१५२००/- | |

२. यस सूचनाको सक्षिप्त सूचना प्रकाशित भएको मिति (सौर्य दैनिकमा प्रथम पटक प्रकाशित भएको मिति २०८३/०५/१८) देखि २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेख भएको मूल्य यस समुहको आँबुखैरेनी राष्ट्रिय वाणिज्य बैंकमा समुहको को नाममा रहेको खाता नं. ३१९०१०००१४५०००१ मा जम्मा गरेको बैंक भौचर कार्यालयमा निवेदन सहित पेश गरेपछि (पछि फिर्ता नहुने गरी) श्री डिभिजन वन कार्यालय गोरखा र यस समुहबाट बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्रको प्रतिलपी र उद्योग सूचिकरण भएको प्रमाणपत्र) अनिवार्य संलग्न हुनु पर्ने छ । नागरिकता वाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्ने छ ।

३. गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले भाग लिन पाउनेछन् ।

४.बोलपत्र दाखिला सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको ३.०० बजे भित्र गरिसक्नु पर्ने छ ।

CamScanner

# श्री बनौतीपाखा सामुदायिक वन उपभोक्ता समुह
## शहिदलखन गा.पा.-३ गोरखा

प.सं. :-

च.नं. :-

५.बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६.बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको उल्लेखित खातामा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको बैक जमानत पत्र मध्ये कुनै एक समावेश हुनु पर्नेछ ।

७.लिलाम बढाबढ हुने वन पैदावार यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८.दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्दछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । बोलपत्रमा कालो मसि प्रयोग गरि लेख्नु पर्नेछ ।

९.शिलबन्दी बोलपत्रमा लाहाछाप लगाईएको हुनु पर्नेछ ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला वेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला वेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनुपर्ने छ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर, अग्रिम आयकर र नियमानुसार लाग्ने संकलन खर्च (काठ प्रति क्यु. फिट रु. २७८/- बुझाई वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१३.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार समुहमा सुरक्षित रहने छ ।

१४.यो सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सुचनाका शर्त सम्वन्धमा आई पर्ने अन्य विवादहरु स्वत अमान्य हुनेछन् ।

१५.सकारकर्तालि सकार रकम, संकलन खर्च र नियमानुसार लाग्ने मुल्य अभिवृद्धि कर तथा अग्रीम आय कर दाखिला गरिसके पछि कार्यालयबाट लिलाम गरिएको गोलिया काठको नियमानुसार बढीमा २१ दिन सम्मको म्याद दिई डिभिजन वा कार्यालयबाट स्थानान्तरण सहमति र समुहबाट छोडपूर्जी दिन सकिने छ ।

१६.अन्य कुराको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

१७. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वतः अमान्य हुनेछ ।

तारा

..................

तारादेवी थापा

अध्यक्ष

CS CamScanner